annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ३३९, पृष्ठ ८ | काठमाडौं, शनिबार ५ वैशाख २०८३ | वैशाख शुक्लपक्ष प्रतिपदा, नेपाल संवत् ११४६ | SATURDAY, APRIL 18, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

आवरण समाचार

# बाँदर आतंकले रित्तिए किसानका भकारी

**किसानले दुःख गरेर उब्जाएको बाली भित्र्याउन नपाउँदै बाँदरले क्षणभरमै सखाप पार्ने समस्या नयाँ होइन । वर्षौंदेखि किसानले भोग्दै आएको यो समस्या अहिले झन् विकराल बन्दै गएको छ । वनजंगलमा सीमित रहने बाँदर हिजोआज गाउँदेखि सहरसम्मका घरघरमा पस्न थालेका छन् । संसद्सम्म बाँदर आतंकको विषय उठ्ने गरे पनि समाधान भएको छैन ।**

केशरराज क्षेत्री | *बुटवल*



समाचार पृष्ठ २

## कांग्रेस आधिकारिकता विवाद

# गगन थापाको पक्षमा सर्वोच्चको फैसला



**दिनेशा गौतम** | *काठमाडौं*

सर्वोच्च अदालतले विशेष महाधिवेशनबाट निर्वाचित गगनकुमार थापा नेतृत्वको नेपाली कांग्रेसको केन्द्रीय कार्यसमितिलाई आधिकारिक मान्यता दिएको छ। न्यायाधीशद्वय शारंगा सुवेदी र नृपध्वज निरौलाको इजलासले नेपाली कांग्रेसको विशेष महाधिवेशनलाई आधिकारिकता दिने निर्वाचन आयोगको यसअघिको निर्णयलाई कानुनसम्मत ठहऱ्याउँदै सदर गरेको छ।

सर्वोच्चले रिट निवेदनको मागबमोजिम आदेश जारी हुनुपर्ने अवस्था विद्यमान नरहेको उल्लेख गर्दै प्रस्तुत रिट निवेदन खारेज गरेको छ। पूर्वसभापति शेरबहादुर देउवा र कांग्रेसका तत्कालीन कार्यवाहक सभापति पूर्णबहादुर खड्काले दायर गरेको रिट खारेज भएसँगै कांग्रेसभित्रको तीन महिनादेखिको आधिकारिकता विवाद पनि कानुनी रूपमा टुंगिएको छ। गत पुसमा भएको विशेष महाधिवेशनलाई निर्वाचन आयोगले मान्यता दिएकोमा चुनौती दिँदै देउवा र नेता खड्काले रिट दायर गरेका थिए।

रिटमा निर्वाचन आयोग, विशेष महाधिवेशनबाट चुनिएका सभापति थापा, उपसभापति विश्वप्रकाश शर्मा लगायतलाई विपक्षी बनाइएको थियो। आदेशको पूर्ण पाठ तयार हुन समय लाग्ने भएको उल्लेख गर्दै शुक्रबार मध्यरातमा संक्षिप्त आदेश जारी गरिएको हो।

**रिटको औचित्य समाप्त भएको निष्कर्ष**

सर्वोच्चले केन्द्रीय कार्यसमितिका पदाधिकारीहरूका रूपमा सभापति थापाको हस्ताक्षरबाट फागुन २१ मा तोकिएको संघीय संसद्को निर्वाचनका लागि हुने प्रत्यक्ष निर्वाचनतर्फको उम्मेदवारको मनोनयन भई निर्वाचन समेत सम्पन्न भई राजनीतिक वैधता पाइसकेको ठहर गरेको छ। रिट निवेदन गर्दाको अवस्थामा हाल सारभूत परिवर्तन भइसकेको अवस्थामा विशेष महाधिवेशन बोलाउने भनी निकालिएको विज्ञप्ति तथा तत्सम्बन्धी कामकारबाही बदर गरिपाऊँ भनी लिएको निवेदन जिकिरको औचित्यसमेत समाप्त भइसकेको देखिएको उल्लेख छ।

**कानुनी र कार्यविधिगत त्रुटि छैन**

सर्वोच्चले पार्टीको विधानको धारा १७ (२) बमोजिम विशेष महाधिवेशन सम्पन्न गर्न-गराउनेतर्फ निवेदकहरू उदासीन रहेको अवस्था देखिन आएको निष्कर्ष निकालेको छ। 'प्रत्यर्थीहरूबाट नेपाली कांग्रेसको विधानको धारा ३, १२, ३ को १२, २७ (१) समेत बमोजिम विधानको धारा १७ (२) अनुसार मिति २०८२ पुस २७ र २८ मा काठमाडौंको भृकुटीमण्डपमा विशेष महाधिवेशन हुने सम्बन्धमा मिति २०८२ पुस २३ मा सूचना प्रकाशित भएको र सोबमोजिम विशेष महाधिवेशन सम्पन्न गरिएको भन्ने लिखित जवाफबाट देखिन्छ। सोको जानकारी निर्वाचन आयोगलाई गराएको भन्ने समेत मिसिल संलग्न प्रमाणहरूबाट देखिन आयो,' आदेशमा भनिएको छ।

» बाँकी पृष्ठ ६

## 'विशेष महाधिवेशन मानिँदैन'



गगनकुमार थापा नेतृत्वको कांग्रेसलाई सर्वोच्च अदालतले आधिकारिता दिएकोमा शेरबहादुर देउवा पक्ष स्तब्ध भएको छ। सर्वोच्चको फैसलालगत्तै देउवा पक्षका नेता विमलेन्द्र निधिले आफू विशेष महाधिवेशन नमान्ने प्रतिक्रिया दिएका छन्।

'मैले पहिले पनि विशेष महाधिवेशन मानेको थिइनँ,' उनले शुक्रबार राति अन्नपूर्णसँग भने, 'अब पनि मान्दिनँ।' निधिले आफ्नो समूहले आगामी कदमबारे बैठक बसेर निर्णय गर्ने बताए। 'राति फैसला आयो,' समूहको प्रतिक्रियाबारे उनको भनाइ थियो, 'हामी बैठक बसेर आधिकारिक निर्णय सुनाउँछौं।

## स्ट्रेट अफ हर्मुज खुला गर्ने इरानको घोषणा



**काठमाडौं** (एजेन्सी): इरानले शुक्रबारदेखि स्ट्रेट अफ हर्मुजलाई व्यावसायिक यातायातका लागि पूर्ण रूपमा खुला गरेको घोषणा गरेको छ। इजरायल र लेबनानबीच भएको युद्धविरामपछि इरानले विश्वकै व्यस्त यो तेल ढुवानी मार्ग खुला गर्ने निर्णय लिएको हो।

इरानका विदेशमन्त्री सैयद अब्बास अराघचीले सामाजिक सञ्जालमा लेखेका छन्, 'लेबनानमा भएको युद्धविरामसँग समन्वय गर्दै, स्ट्रेट अफ हर्मुज हुँदै सबै व्यावसायिक जहाजहरूको आवागमन बाँकी युद्धविराम अवधिभरका लागि पूर्ण रूपमा खुला गरिएको घोषणा गरिन्छ।' तर, जहाजहरू इरानको समुद्री अधिकारीहरूले तोकेको मार्गबाट मात्रै हिँड्नुपर्ने सर्त उनले राखेका छन्।

इजरायल र लेबनानबीच बिहीबार साँझ ५ बजेदेखि लागू हुने गरी १० दिने युद्धविरामको सम्झौता भएको थियो। लेबनानमा इरानको निकट सहयोगी हिजबुल्लाहविरुद्ध इजरायलले चलाइरहेको सैन्य अभियान वासिङ्टन र तेहरानबीचको वार्ताको मुख्य बाधक बन्दै आएको थियो।

# त्रिविको जग्गामा ७० वर्षदेखि रजाइँ

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

मुलुककै सबैभन्दा पुरानो र जेठो शैक्षिक संस्था त्रिभुवन विश्वविद्यालय, जहाँबाट हजारौं विद्यार्थीले आफ्नो सुनौलो भविष्य निर्माण गर्छन्, आज आफ्नै भूमि खोज्दै हिँड्नुपर्ने विडम्बनापूर्ण अवस्थामा पुगेको छ। विश्वविद्यालयका कक्षाकोठा, अत्याधुनिक प्रयोगशाला र अनुसन्धान केन्द्रहरू विस्तार हुनुपर्ने जमिनमा यतिबेला कतै सरकारी संरचनाहरू ठडिएका छन् भने कतै निजी संस्था, व्यापारिक सटर र पार्किङस्थल बनाइएका छन्। कतिपय स्थानमा त ढुंगा, गिट्टी र बालुवाका डिपोहरू समेत सञ्चालनमा छन्।

विभिन्न दाताहरूले पुण्य आर्जनका लागि दान दिएको जग्गासमेत त्रिविले हालसम्म आफ्नो कानुनी स्वामित्वमा ल्याउन सकेको छैन। उल्टै, तेस्रो पक्षले ती जग्गाहरू भाडामा लगाएर अनुचित आर्थिक लाभ लिइरहेका छन् भने कतिपय दान गरिएका जमिन त नक्साबाटै गायब भइसकेका छन्। दशकौंदेखि राज्य संयन्त्र, विश्वविद्यालय प्रशासन र प्रभावशाली शक्ति केन्द्रहरूको अघोषित मिलेमतोमा सार्वजनिक सम्पत्तिमाथि मौन कब्जा भएको छ।



त्रिवि अतिक्रमण - शृंखला ७

स्थापनाको ७० वर्षपछि त्रिविले पहिलो पटक आफ्नो जग्गा फिर्ता ल्याउने औपचारिक प्रक्रियाको थालनी गरेको छ। कार्यकारी परिषद्को २०८२ चैत २३ गतेको निर्णयअनुसार, विश्वविद्यालयले ३५ दिने सार्वजनिक सूचना जारी गर्दै कब्जामा रहेका जग्गा तथा अचल सम्पत्तिहरू स्वतःस्फूर्त रूपमा फिर्ता गर्न अन्तिम चेतावनी दिएको हो। त्रिविद्वारा प्रकाशित सूचनामा उल्लेख छ, 'नेपाल सरकारलगायत विभिन्न दाताहरूले त्रिभुवन विश्वविद्यालयको शैक्षिक उन्नयनका लागि विभिन्न समय र अवस्थामा विश्वविद्यालयलाई भोगाधिकारका लागि उपलब्ध गराएका उक्त जग्गा तथा अचल सम्पत्तिहरू यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३५ दिनभित्र खाली गरी/गराई त्रिभुवन विश्वविद्यालयलाई आधिकारिक रूपमा फिर्ता गर्नु/गराउनू।' सूचनामा चेतावनी दिँदै भनिएको छ, 'अन्यथा नियमानुसार कानुनी प्रक्रिया अगाडि बढाइने व्यहोरासमेत जानकारी गराइन्छ।'

शारदाप्रसाद त्रितालको नेतृत्वमा गठित 'त्रिभुवन विश्वविद्यालयको जग्गा तथा अचल सम्पत्ति खोजबिन समिति'ले विश्वविद्यालयको स्वामित्वमा रहेका सम्पत्तिहरू अनधिकृत रूपमा कब्जा, भोगचलन तथा नियन्त्रणमा रहेको तथ्य उजागर गरेको छ। समितिले यस प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग र प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) मार्फत सूक्ष्म अनुसन्धान हुनुपर्ने ठहरसहितको प्रतिवेदन सरकारलाई बुझाएको छ। त्रिविले सोही प्रतिवेदनको जगमा टेकेर कार्यान्वयन प्रक्रिया सुरु गरेको हो।

प्रतिवेदनका अनुसार त्रिविको कुल ५ हजार ५० रोपनी ३ आना १ पैसा १ दाम क्षेत्रफल जग्गामध्ये आधाभन्दा बढी भू-भाग अतिक्रमणको चपेटामा परेको छ। त्रिविका तत्कालीन पदाधिकारी र कर्मचारीहरूको मिलेमतोमा विश्वविद्यालयको २ हजार रोपनीभन्दा बढी जग्गा निजीदेखि धार्मिक प्रकृतिका १८ वटा संघसंस्थाहरूले उपयोग गरिरहेका छन्। कीर्तिपुरको मात्र ३ हजार ६ सय १३ रोपनी जग्गाको लालपुर्जा त्रिविसँग सुरक्षित भए तापनि मुस्किलले २ हजार ५ सय रोपनी जमिनमात्र त्रिविको प्रत्यक्ष भोगचलनमा रहेको प्रतिवेदनले देखाएको छ।

समितिले उपत्यका बाहिरका विभिन्न स्थानमा रहेका त्रिविका जग्गाहरूको समेत विस्तृत खोजबिन गर्नुपर्ने र आंगिक क्याम्पसहरूको जग्गाको यकिन लगत तयार पार्नुपर्ने आवश्यकता औंल्याएको छ। त्रिविको जग्गा संरक्षण गर्न नसक्नुमा तत्कालीन प्रधानमन्त्री, शिक्षामन्त्री र विश्वविद्यालयका पदाधिकारीहरू नै मुख्य रूपमा जिम्मेवार रहेको समितिको निष्कर्ष छ। प्रतिवेदनले दोषी पदाधिकारी र कर्मचारीहरूलाई कानुनी कारबाहीको दायरामा ल्याउन र अतिक्रमित जग्गा तत्काल फिर्ता गर्न कडा सिफारिस गरेको छ।

हाल त्रिवि परिसरभित्रै ८ सय ४३ रोपनी १० आना ६ पैसा १ दाम जग्गा विभिन्न सरकारी निकाय र गैरसरकारी संस्थाहरूले उपभोग गर्दै आएका छन्। कीर्तिपुर परिसर बाहिर पनि त्रिपुरेश्वरमा १० रोपनी १३ आना ३ पैसा, डिल्लीबजारमा ३२ रोपनी २ आना २ दाम र हनुमानढोका वसन्तपुरमा ४ आना १ पैसा जग्गा रहेको पाइएको छ। त्यसैगरी, नयाँ नैकापमा रहेको १ सय २५ रोपनी जग्गाको भोगाधिकार पनि त्रिविकै नाममा रहेको छ।

विश्वविद्यालयको १ सय ८ रोपनी १४ आना २ पैसा ३ दाम जमिन लेबोरेटरी माध्यमिक विद्यालयले प्रयोग गरिरहेको छ। प्रतिवेदनका अनुसार, त्रिविको कुनै पनि औपचारिक स्वीकृति वा सम्झौताविना नै उक्त विद्यालय सञ्चालन भइरहेको छ। यस्तै, राधास्वामी सत्संग व्यास नेपालले त्रिविको १५ रोपनी जग्गा सुटुक्क आफ्नो नाममा दर्ता गर्ने प्रक्रिया अगाडि बढाएको फेला परेको छ। सत्संग व्यासले कीर्तिपुर-१४ मा रहेको उक्त जग्गाको धनी प्रमाण पुर्जा लिन प्रधानमन्त्रीसमक्ष निवेदन दिँदै मालपोत तथा नापी कार्यालय कलंकीमार्फत दर्ता प्रक्रिया थालेको देखिएको हो।

» बाँकी पृष्ठ ६